## आयोगको...

यदि आयोगकै निर्णय कायम रह्यो भने संस्थापन पक्ष थप राजनीतिक रूपमा कमजोर बन्नेछ। दुवै अवस्थामा कांग्रेस एकताको बाटो नसमातेसम्म क्षति टार्न कठिन देखिन्छ।

गगन थापा पक्षले एकताको आह्वान गरे पनि संस्थापन पक्षले निर्णयलाई षड्यन्त्र भन्दै अदालत जाने बाटो रोजेको छ। यही दोधारबीच कांग्रेस अहिले राजनीतिक मजधारमा उभिएको छ। न पूर्ण विभाजन, न पूर्ण एकता।

अबको प्रश्न कांग्रेस अदालतको फैसला कुर्दै आन्तरिक समझदारी खोज्छ कि कानुनी लडाइँसँगै चुनावी प्रतिस्पर्धामा होमिन्छ। यसको उत्तरले मात्र होइन, कांग्रेसको भविष्यले पनि नेपाली राजनीतिमा दीर्घकालीन प्रभाव पार्नेछ।

## निर्वाचन...

त्यसै गरी गृह सचिवको संयोजकत्वमा केन्द्रीय कमान्ड पोस्ट गठन हुनेछ। गृह मन्त्रालय सुरक्षा तथा समन्वय महाशाखाका प्रमुखको संयोजकत्वमा केन्द्रीय संयुक्त निर्वाचन सेल रहनेछ।

गृह मन्त्रालय तथा सबै सुरक्षा निकायहरूमा निर्वाचन सेल रहनेछन्। प्रदेशस्तरमा प्रदेशको प्रमुख सचिवको संयोजकत्वमा प्रदेश सुरक्षा निकायका प्रमुखहरूसहितको प्रदेश कमान्ड पोस्ट तथा निर्वाचन सेल रहनेछन्। जिल्लामा जिल्ला सुरक्षा समिति रहनेछ। यी सबै संयन्त्रहरू क्रियाशील भई कार्य प्रारम्भ गरिसकेका छन्।

**यस्ता छन् सुरक्षा समन्वय संयन्त्र**

**केन्द्रीय सुरक्षा समिति** : गृहमन्त्रीको अध्यक्षता। सदस्यहरूमा गृह सचिव, रक्षा सचिव, नेपाली सेनाका बलाधिकृत रथी, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रमुखहरू तथा गृह मन्त्रालय सुरक्षा समन्वय महाशाखा प्रमुख सदस्य सचिव।

**केन्द्रीय कमान्ड पोस्ट** : गृह सचिवको संयोजकत्व। सदस्यहरूमा नेपाली सेनाका बलाधिकृत रथी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरू सदस्य र गृह मन्त्रालय सुरक्षा तथा समन्वय महाशाखा प्रमुख सदस्य

**केन्द्रीय संयुक्त निर्वाचन सेल** : गृह मन्त्रालय सुरक्षा तथा समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा नेपाली सेनाको महासेनानी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका अधिकारी सदस्य।

**निर्वाचन सेल** : गृह मन्त्रालय तथा सबै सुरक्षा निकायका केन्द्रीय निकायमा, प्रदेश र जिल्लागत कार्यालयहरूमा समेत निर्वाचन सेल रहने।

**प्रदेश कमान्ड पोस्ट तथा निर्वाचन सेल** : सम्बन्धित प्रदेशको प्रमुख सचिवको संयोजकत्वमा प्रदेश सुरक्षा निकायका प्रमुखहरू र आन्तरिक मामिला हेर्ने मन्त्रालयका सचिव सदस्य। सो सेलमा प्रदेश राजधानी रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई आमन्त्रण गरिने।

जिल्ला सुरक्षा समिति- प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुख सदस्य र सहायक प्रमुख जिल्ला अधिकारी सदस्य सचिव यी सबै निकायहरूले तहगत रूपमा समन्वय, सहयोग, सम्पर्क, निर्देशन, सहजीकरण, समस्याको समाधान एवं कार्यसम्पादनको समिक्षा गर्ने प्रवक्ता काफ्लेले जानकारी दिनुभयो।

प्रवक्ता काफ्लेका अनुसार यी सबै संयन्त्रहरू स्थापना भै सक्रियरुपमा कार्य गरिरहेका छन्। शुक्रवारमात्रै गृह सचिवको संयोजकत्वमा रहेको कमान्ड पोस्टको बैठक गृह मन्त्रालयमा बसेको थियो। बैठकमा हालसम्मको निर्वाचनको तयारीका सम्बन्धमा सुरक्षा निकायहरूबाट भइरहेको तयारीका सम्बन्धमा छलफल भएको छ।

**सातै प्रदेशमा सुरक्षा गोष्ठीमार्फत सुरक्षा मजबुत पारियो**

यसैबीच गृह मन्त्रालयले निर्वाचनलाई केन्द्रित गरी सातवटै प्रदेशमा सुरक्षा गोष्ठी सम्पन्न गरेको छ। ती गोष्ठीहरूमा प्रदेश तथा जिल्लाका सुरक्षा समितिबाट आ-आफ्नो तयारी, समस्या तथा सम्भावित चुनौती सामना गर्न अवलम्बन गरिने रणनीतिका बारेमा प्रस्तुति भएको थियो। यस गोष्ठीहरूबाट बनेका निर्वाचनका लागि बनेका सुरक्षा योजनाहरू कार्यान्वयनमा केन्द्र, प्रदेश र जिल्ला तीनवटै तहको साझा बुझाइ बनेको छ।

जिल्ला सुरक्षा समितिहरू निर्वाचन गर्नका लागि सबै हिसाबले तयार रहेका छन्। गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार जिल्लाहरूले मूलतः जनशक्ति र सवारी साधनको र सामाजिक सञ्जालबाट हुनसक्ने जोखिम माग गरेका छन्। उनीहरूको मागबमोजिम जनशक्तिको अन्तर पूरा गर्न निर्वाचन प्रहरीको भर्नाअगाडि बढिसकेको काफ्लेले बताउनुभयो।

## रवि...

लामिछाने प्रकरणको असर यहाँसम्म सीमित रहने छैन। सहकारी ठगीकै आरोपमा फरार रहेका जीबी राईसहित अन्य अभियुक्तहरू पनि यही नजिरको आडमा उन्मुक्ति खोज्न सक्ने जोखिम बढेको छ। जीबी राईमाथि सहकारी रकम अपचलन, संगठित आर्थिक अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी गम्भीर आरोप लागेको छ। यदि सम्पत्ति शुद्धीकरण अभियोग हटाउने प्रवृत्ति स्थापित भयो भने, उहाँका जस्ता ठूला आर्थिक अपराधीहरू कानुनी छिद्र प्रयोग गर्दै सजायबाट उम्किन सक्ने खतरा देखिन्छ।

यसले हजारौं सहकारीपीडितको न्याय खोजीलाई झनै कमजोर बनाउनेछ। ठूला राजनीतिक पहुँच भएकाहरूलाई छुट, सर्वसाधारणलाई मात्र कडाइ भन्ने सन्देश स्थापित भएमा राज्यको न्याय प्रणालीमाथि जनविश्वास गम्भीर रूपमा खस्किने छ।

विश्लेषकहरूका अनुसार यो निर्णय कानुनीभन्दा बढी राजनीतिक देखिन्छ। महान्यायाधिवक्ताको कार्यालय स्वतन्त्र संवैधानिक निकाय हो, तर पछिल्लो कदमले कार्यपालिका-राजनीतिक दबाबको छाया परेको आशंका बलियो बनेको छ।

यदि अदालतले यसलाई वैध ठहर गऱ्यो भने भविष्यमा ठूला आर्थिक अपराधीहरू राजनीतिक पहुँचका आधारमा अभियोग हटाउन दौडिने बाटो खुल्नेछ। यही कारण यो मुद्दा अब रवि लामिछाने मात्र होइन, नेपालमा कानुन सबैका लागि बराबर हो कि होइन भन्ने बहस सुरु भएको छ।

कानुनविद्हरू भन्छन्- 'यो निर्णय अदालतमा टिक्दैन। पीडितहरू उच्च अदालत र सर्वोच्चसम्म जाने तयारीमा छन्। अबको फैसला केवल एक नेताको भविष्य होइन, सम्पूर्ण न्याय प्रणालीको दिशा निर्धारण गर्ने मोड बन्नेछ।'

## प्रवेश...

केन्द्रीय विभागमा स्तरोन्नति गरिसकेपछि जसरी अन्य विभागको शुल्क निर्धारण गरिसकेको छ त्यसरी नै गर्नुपर्छ। चार महिनाअघि चार विभागमा लिएको शुल्क घटाउने सहमति गरेको स्मरण गराउँदै अध्यक्ष ऐरेले उक्त सहमति तत्काल कार्यान्वयन गर्नुपर्ने बताउनुभयो।

चार महिनाअघि दोस्रो सेमेन्टरदेखि नै लागू गर्ने सहमति भए पनि कार्यान्वयन नगरी प्रशासन लगाएर धम्की दिने काम भएको उहाँको भनाइ थियो। यसअघि ३४ दिन लामो अनशनपछि शुल्क घटाउने सहमति भएको थियो।

'सहमति कार्यान्वयन गर्न धेरैपटक वार्ता छलफल गऱ्यौं ध्यानाकर्षणपत्र बुझायौं, अनुरोध गऱ्यौं तर कार्यान्वयन भएको छैन। यही विषय जानकारी दिन पटकपटक आग्रह गर्दा बेवास्ता गरेका पदाधिकारीलाई सहमति नगरेसम्म प्रवेश निषेध कायम राख्छौं' -अध्यक्ष ऐरेको भनाइ थियो।

तालाबन्दी गर्दा पनि माग पूरा गर्न बेवास्ता गर्ने र उपेक्षा गर्ने विश्वविद्यालयमा आफ्ना गतिविधि गर्ने, प्रशासन लगाएर धम्क्याउने गतिविधि गरेपछि प्रवेश निषेधको ब्यानर टाँसेको जिकिर क्रान्तिकारीको छ।

'संगठनले बिचौलिया प्रयोग गरी आन्दोलन दबाउने काम गऱ्यो, हाम्रो आन्दोलनलाई धावा बोल्ने गतिविधि गर्दैगर्दा आज हामी बाध्य भएर माग पूरा नभएसम्म पूर्ण प्रवेश निषेध गरेका हौं' -अध्यक्ष ऐरेको भनाइ थियो।

उहाँले आफूहरू वार्तामा आउन तयार रहेको तर पदाधिकारीले सहमति नगरी त्रिवि प्रवेश गर्न नपाउने अडानमा रहेको बताउनुभयो। उहाँले शुल्क दलालहरू प्रवेशमा रोक लगाएको बताउनुभयो।

यसअघि अनेरास्ववियु (क्रान्तिकारी) र आंशिक प्राध्यापक संघ केन्द्रीय संघर्ष समितिले जेठ ३० गते तालाबन्दी गरेको थियो। सर्वोच्चले अनिश्चितकालीन तालाबन्दी हुँदा र आचरणविपरीतको त्यस्तो कामकारबाहीलाई विपक्षी प्रहरी, प्रशासन तथा स्वयम् त्रिभुवन विश्वविद्यालयका पदाधिकारीले अनदेखा वा बेवास्ता गर्दा त्रिभुवन विश्वविद्यालयअन्तर्गत अध्ययन गर्ने विद्यार्थीहरूको पठनपाठन तथा शैक्षिक गतिविधि, अन्य प्रशासकीय कार्य, आवश्यक सेवा सञ्चालन ऐन २०१४ लाग्ने त्रिभुवन विश्वविद्यालयअन्तर्गतका स्वास्थ्य सेवामा समेत पर्न जाने नकारात्मक असरलाई मध्यनजर गरी रिट निवेदनको अन्तिम टुङ्गो नलाग्दासम्म तत्काल ताला खोल्न निर्देशन दिएको थियो।

क्रान्तिकारीले अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति, लैंगिक अध्ययन, सामाजिक कार्य र द्वन्द्वशान्ति तथा विकास अध्ययन विभागको शुल्क घटाउने सहमति कार्यान्वयन नभएकाले तालाबन्दी गरेको हो।

यसैबीच शुल्कलगायतका विषयमा अध्ययन गर्न प्राडा डिल्ली पराजुलीको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको छ। समितिमा प्रा. ध्रुव कार्की र सूर्य थापा सदस्य छन्। बिहीबार बसेको कार्यकारीको बैठकले समिति गठन गरेको हो। समितिले विवादित चार विषयको विषयमा एक हप्ताभित्र र अन्य सबै विषयमा १ महिनाभित्र छानबिन प्रतिवेदन बुझाउने गरी कार्यादेश दिएको छ।

त्रिविका उपकुलपति प्राडा दीपक अर्यालले समितिको प्रतिवेदन आएलगत्तै कार्यान्वयन हुने बताउनुभयो। समितिले सबै विभागको शैक्षिक र शुल्क निर्धारण गर्नुपर्ने अवस्थाबारे अध्ययन गरी प्रतिवेदन बुझाउनेछ।

## निर्वाचनका...

नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट चयन भएको नेतृत्वलाई आयोगले शुक्रवार राति आधिकारिक मान्यता दिएसँगै आयोगले अब कुनै पनि पक्षले नयाँ दलका रूपमा दर्ता गरेर निर्वाचनमा भाग लिन नसक्ने जनाएको हो।

आयोगले फागुन २१ गते हुने प्रत्यक्षतर्फ उम्मेदवार मनोनयनको मिति नजिकिँदै गर्दा नयाँ दल दर्ता वा निर्वाचन प्रक्रियामा सामेल गराउन कानुनी र प्राविधिक रूपमा सम्भव नहुने तर्क अघि सारेको छ। नेपाली कांग्रेसले समानुपातिक सूची बुझाइसकेको र मनोनयन प्रक्रिया मंगलबारदेखि सुरु हुन लागेकाले अदालतबाट अन्यथा आदेश नआएसम्म दल दर्ताको विकल्प खुला नरहने आयोगको भनाइ छ।

आयोगले नेपाली कांग्रेसको विशेष महाधिवेशनलाई मान्यता दिने निर्णय गरेपछि गगनकुमार थापा र विश्वप्रकाश शर्मा समूह नेपाली कांग्रेसको आधिकारिक पक्ष बनेको छ।

आयुक्त डा. जानकी तुलाधरको फरक मतसहित कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी र निर्वाचन आयुक्त सगुनशम्सेर जबराले विशेष महाधिवेशनलाई आधिकारिता प्रदान गर्ने दल दर्ता अद्यावधिक गर्ने निर्णय गरेको थियो। ४० प्रतिशतभन्दा बढी प्रतिनिधिले डाकेपछि त्यो महाधिवेशन बाध्यकारी हुने भन्दै निर्वाचन आयोगले कांग्रेसको सर्वोच्च निकायबाट निर्णय भएको विवरणलाई अद्यावधिक गर्ने निर्णय लिएको हो। यसबाट निर्वाचन कार्यतालिकामा कुनै असर नपर्ने आयुक्तहरू बताउँछन्।

आयोगको सो निर्णयविरुद्ध देउवा समूह आइतबार सर्वोच्च अदालत जाने भएको छ। तर, सोमबार अर्को सार्वजनिक बिदा परेकाले मंगलवार मात्रै देउवा पक्षको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ हुने देखिन्छ। माघ ६ गते अर्थात आगामी मंगलवार देशभर प्रत्यक्षतर्फको मनोनयनको दिन समेत हो। त्यो दिन बिहान १० बजेदेखि नै उम्मेदवारहरूको मनोनयन सुरु हुनेछ। देउवा पक्षले पेस गरेको रिट निवेदन छिटोछरितो रूपमा अघि बढेमा मंगलवार विहान ११ बजेदेखि सुनुवाइ हुनसक्ने देखिन्छ। मनोनयन र देउवा पक्षको रिट निवेदनको सुनुवाइ एकसाथ अघि बढ्ने सम्भावना पनि छ।

अहिलेको प्रतिनिधिसभा निर्वाचनमा प्रतिस्पर्धा गर्न चाहने देउवा पक्षका नेताहरूलाई स्वतन्त्र उम्मेदवारी मात्रै विकल्प हो। निर्वाचन तालिका नसर्ने अनि स्वतन्त्र उम्मेदवारी दिने अवस्था बनेन भने कांग्रेसबाट टिकट नपाउने देउवा पक्षका नेताहरू यो पटक प्रतिनिधिसभा निर्वाचनको प्रतिस्पर्धाबाट बाहिरिनेछन्।


**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **LRR MOTORS Pvt. Ltd**. कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

| सि.नं | मालवस्तुको विवरण | प्रकार | ब्राण्ड | मोडल | ब्याट्री क्षमता | मोटर क्षमता | उत्पतिको मुलुक राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्रि मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | EV Vehicle | Car | BAW | E7 PRO RHD | 22.29 KW | 30 KW | CHINA | 1 | 25,99,000 | 25,99,000 | |

**Importer Name: LRR MOTORS PVT. LTD.** **PAN NO.: 619845401**
**Address: Kathmandu, Nepal** **Phone No.: +977-9802366320**



**वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको**

**अनलाईन बोलपत्र (इ-टेण्डर) आव्हानको सूचना ।**

(सूचना प्रकाशित मिति:२०८२।१०।०४)

यस प्रतिष्ठानलाई आवश्यक तपसिलमा उल्लेखित सामाग्री अनलाईन बोलपत्र Single Stage Two Envelope procedures को माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनी बाट अद्यावधिक फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, आ.व. ०८१।०८२ को करचुक्ता प्रमाणपत्र, "कम्पनीहरूले कम्पनी दर्तागर्दाका बखत कम्पनी ऐन, २०६३ को दफा ४६ को उपदफा (१) अनुसार तयार गरिएको शेयरधनी र डिबेञ्चरवालाको दर्ता किताबको प्रमाणित प्रतिलिपि", घोषणा पत्र, बोलपत्र दस्तुर र बैंक जमानी पत्र (बिड बण्ड) को स्क्यान प्रतिहरू सहित अनलाईन बोलपत्र (e-tender) आव्हान गरिएको छ । अनलाईन बोलपत्र सम्वन्धी बिस्तृत सूचना, ठेक्का पट्टाका शर्तहरू, फाराम भर्नेतरिका आदि बारे सम्पूर्ण कागजातहरू (Bid Document) सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्वन्धी वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ । सोही सूचना, शर्त आदिको आधारमा अनलाईन ई-बोलपत्र मिति २०८२।११।०५ गते (तदनुसार 17th February, 2026) दिनको १२:०० बजे भित्र पेश गर्न सूचित गरिन्छ । ई-बोलपत्र खोल्ने मिति र समय २०८२।११।०५ दिनको २:०० बजे ।

| सि.नं. | बोलपत्रको विवरण | फारम दस्तुर | बिडबण्ड रकम |
|---|---|---|---|
| १. | Supply of Hemodialysis Materials (IFB No.: BPKIHS/0 82/083/14) | रू. ५,०००।- | रू. २०,००,०००।- |



**Nepal Electricity Authority**

**Rasuwa Distribution Centre**

**Amended Notice for Bid..**

**Notice publication Date : 2082.10.04**

It is hereby notified that Contract ID No : NEA/RDC/2082/083-03SQ "Various Civil Construction Works for NEA office Building in Rasuwa District" has been amended from 18th January 2026 as of notice published on 8th January in Nepal Samacharpatra Daily.



**निम्बस बचत तथा ऋण सहकारी संस्था लि.**

**मरू, इलाछें, काठमाडौं**

**सत्रौं बार्षिक साधारण सभा सम्बन्धी सूचना**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस निम्बस बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२ साल पौष महिनाको २६ गते शनिबार (Saturday 10th Jan, 2026) मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको सत्रौं बार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल गर्नका लागि निम्न स्थान, मिति र समयमा बस्ने भएकोले शेयरधनी महानुभावहरुलाई उपस्थितिकालागि अनुरोध गर्दछौं ।

**साधारण सभा बस्ने**

मिति : २०८२ साल माघ महिना १० गते शनिबार (Saturday 24th Jan, 2026)
स्थान : मरु इलाछें, वडा नं. २०, काठमाडौं (आफ्नै कार्यालय परिसरमा)
समय : बिहान १०:०० बजे ।

**छलफलका बिषयहरु**

१. सत्रौं बार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिबेदन ।
२. लेखा परीक्षकको प्रतिबेदन सहितको २०८२ आषाढ मसान्त सम्मको वासलात तथा आ. ब. ०८१/०८२ को नाफा नोक्सान हिसाब पारित गर्ने ।
३. आ.ब. २०८२/०८३ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
४. सत्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनी र संचालकहरुको तर्फबाट प्रतिनिधि नियुक्ति गर्ने ।
५. यस संस्थाको कर्मचारीहरुलाई आवश्यक्ता अनुसार तालिममा पठाउने ।
६. विविध ।



**Champadevi Rural Municipality**

**Kalika, Okhaldhunga, Koshi province, Nepal**

**Invitation for Bids**

**Invitation for Bids No.: CDRM/OKH/NCB/ABC.WORKS/11/2082/083**

**Date of publication: 18-01-2026 10:00 am**

1. Champadevi Rural Municipality, Office of Rural Municipal Executive invites electronic bids from eligible bidders for the Construction of Administrative Building at Kalika, Okhaldhunga under National Competitive Bidding single stage double envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Champadevi Rural Municipality Kalika Okhaldhunga Koshi province, Nepal, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Cost of Bidding Document: NRs 10,000/-
   Name of the Bank: Agricultural Development Bank
   Name of Office: Champadevi Rural Municipality Kalika Okhaldhunga Koshi province, Nepal
   Office Account no: 1125701782616052
   Rajaswa (revenue) Shirshak no.: ga.1.1
4. Sealed or electronic bids must be submitted to the office Champadevi Rural Municipality Kalika OkhaldhungaKoshi province, Nepal, through PPMO website www.bolpatra.gov.np/egpon or before 20-02-2026, 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 20-02-2026 14:00. at the office Champadevi Rural Municipality Kalika OkhaldhungaKoshi province, Nepal.
   Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs 28,00,000 which shall be valid for 30 days beyond the validity period of the bid and should deposited at Dharauti khata Shirshak no.: ga.3.1, Office Account no: 1125701782616044
6. Pre-bid meeting shall be held at Champadevi Rural Municipality at 12:00, 10 Feb, 2026
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. **Evaluation and Qualification Criteria:**
   **Contract of Similar size and Nature: NRs. 7,00,00,000 /-**
   **In a single project**
   **Average Annual Construction Turn Over: NRs. 15,67,40,080.97 /-**
   **Construction Experience in key Activities:**
   For the above or other contracts executed during the period stipulated in 2.4.2(a) above, a minimum construction experience in the similar works should be five years in One project
   Brick Masonary Work - 367.00 Cum/year, Concreting works (RCC ) - 472 cum/year, Reinforcement Work - 59.5 MT/year

**Chief Administrative Officer**